# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०७८/०७९
चलानी नम्बर :

सुचना।।          सुचना।।          सुचना।।

## बिमा प्रिमियममा अनुदान सम्बन्धमा।

प्रथम पटक प्रकाशित मिति २०७९।०२।१६

प्रस्तुत विषयमा यस नगरपालिकाको पशु सेवा शाखा तर्फको आ.व. ०७८।०७९ को वार्षिक स्वीकृत बिमा प्रिमियममा अनुदान कार्यक्रम संचालनको लागि शिवराज नगरपालिका अन्तर्गतका पशु पालक कृषकहरुलाई मिति २०७८/०४/०१ गते देखि मिति २०७९/०२/१६ सम्मा बिमा गरेको पशुहरुको बिमा प्रिमियममा ५०% अनुदान दिने कार्यक्रम रहेकोले तपसिलका कागजात सहित सुचना प्रकाशन मितिले १५ दिन (*२०७९/०२/३० गते*) भित्र निवेदन दिनहुन अह्वान गरिन्छ।

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

१) पशु सेवा शाखाले तोकेको निवेदनको ढाँचा।
२) नेपाली नागरीकता को प्रतिलिपि।
३) विमा अभिलेख (*पोलिसि*) को प्रतिलिपि।
४) सम्बन्धित वडा कार्यालयको सिफारिस।
५) बैंक खाता नम्बर।


फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np

# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चन्द्रौटा, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७८/०७९
चलानी नम्बर :

सुचना ।।  सुचना ।।  सुचना ।।

### दुध उत्पादनमा आधारित अनुदान कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मिति २०७९।०२।१६

यस शिवराज नगरपालिका पशु सेवा शाखाको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत दुध उत्पादनमा आधारित अनुदान वितरण तथा व्यवस्थापन कार्यक्रम लुम्बिनी प्रदेशको मिति २०७६/१०/२७ को स्वीकृत उत्पादन प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७६ बमोजिम संचालन गरिने भएकोले सो कार्यक्रममा सहभागी हुन वा आफु मातहतका सदस्य कृषकहरुलाई संलग्न गराउन इच्छुक नियमानुसार दर्ता भएका सहकारी/ कम्पनी/ निजि डेरीहरुले तपसिल बमोजिमका शर्तहरु पालन गरि यो सुचना प्रकाशन भएको मितिले १५ दिन ( २०७९/०२/३०) भित्र यस शिवराज न.पा. पशु सेवा शाखामा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

| क.स. | कार्यक्रमको नाम | आवेदक | अनुदान दिने आधारहरु | प्रमाणित गर्ने आधारहरु |
|---|---|---|---|---|
| १ | दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम | सहकारी/ कम्पनी/ निजि डेरी | • आ.व. ०७७/०७८ को साउन १ गते देखि असार मसान्त सम्म गरेको दुधको कारोबारको अभिलेख पेश गर्नुपर्ने<br>• सहकारी/कम्पनी/निजि डेरी ले संस्थागतरुपमा खरिद बिकि गरेका हुनुपर्ने<br>• प्रति सहकारी/कम्पनी/निजि डेरी ले मासिक औषत १०००० लि. उत्पादन तथा बिकि गरेको हुनुपर्ने छ साथै वार्षिक कम्तिमा २५० दिन दुधको बारेबार गरेको हुनुपर्ने<br>• दुध उत्पादक सहकारी तथा कम्पनीमा आवद्ध पशु पालक कृषकहरुले अनिवार्य रुपमा पशु बिमा गरेको हुनुपर्ने | • सहकारी/कम्पनी/निजि डेरी को संस्थागत अभिलेख<br>• सम्बन्धित स्थानीयतहको निरिक्षण सहितको प्राविधिक प्रतिवेदन<br>• बिमा गरिएको प्रमाण<br>• सहकारी/कम्पनी/निजि डेरी ले खरिद बिकि अभिलेख<br>• सहकारीले आफै बिकि वितरण गर्ने भए बिकि अभिलेख र थोक बिकि गर्ने भए सम्झौताको प्रतिलिपि वा बिकि गरको पसलको नाम, ठेगाना र सम्पर्क नं. सहितको विवरण<br>• व्यवसायीवाट लिएको भुक्तानी अभिलेख, सहकारी वा संस्थागत रुपमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख |

- दुध उत्पादनमा आधारित अनुदानको मापदण्ड : बढिमा प्रति लिटर रु २ का दरले उपलब्ध गराइने छ ।
- संलग्न गर्नुपर्ने कागजातहरु
  - संस्था दर्ता, कर चुक्ता र नविकरणको प्रमाणपत्र
  - गत आ.व. को लेखा परिक्षण प्रतिवेदन
  - अनुसुची २ अनुसारको निवेदन तथा अनुसुची ५ अनुसारको कार्ययोजना
  - स्थानीयतह/वडा कार्यालयको सिफारिस ।
  - कार्यक्रम संचालन भएको स्थलको फोटेहरु।
  - वार्षिक साधारण सभा भएको भए गत आ.व. को प्रतिवेदन ।
  - कार्यक्रममा सहभागि हुने संस्था/कम्पनीको निर्णयको प्रतिलिपि ।
  - सहकारी/कम्पनी/निजि डेरी आवद्ध पशु पालक कृषकहरुको बिमाको कागजात ।
  - यस कार्यक्रममा आवद्ध इच्छुक संस्थाहरुको उत्पादन वर्ष कमश: कम्तिमा २० प्रतिशतले अनविार्य वृद्धि गरेको हुनुपर्ने छ ।

थप जानकारीको लागि सम्पर्क नं.: ९८५७०१४७५७/ ९८६२२१६९३०

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com
website: http://shivrajmun.gov.np